# हिलिहाङ गाउँपालिका

# हिलिहाङ गाउँपालिकाको राजपत्र

खण्ड ५) पाँचथर, प्रदेश नं. १, नेपाल, २०७८/०९/०७ (संख्या १

## भाग–२
## हिलिहाङ गाउँपालिका

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७८/०९/०१
प्रमाणीकरण मितिः २०७८/०९/०७

# "अनुदानमा पशु विमा सेवा संचालन तथा व्यवस्थापन निर्देशिका ,२०७८"

खण्ड ५)    पाँचथर, प्रदेश नं. १, नेपाल,    २०७८/०९/०७    (संख्या १

**प्रस्तावना::** हिलिहाङ गाउँपालिका क्षेत्र भित्र बसोवास गरी पशुपालनमा संलग्न रहेका कृषकहरुले पालेका पशुहरुको अचानक हुने मृत्यु तथा क्षति बाट जोगाइ आर्थिक नोक्सानी न्युनीकरण गर्ने उधेश्यका साथ कृषि तथा पशु विमा गर्दा लाग्ने कुल विमाङक प्रिमियम १००% रकममा अधिकतम २०% रकम अनुदान यस गाउँपालिकाबाट कृषकहरुलाइ विमा अनुदान उपलब्ध गराई पशुपालनमा गाइ,भैंसि ,बाख्रा तथा बंगुरहरुलाइ,कुखुरा माछा, लाई विमा गरी उनिहरुको आर्थिक तथा सामाजिक हैसियत सबल तथा सक्षम बनाउन र कृषकलाइ पशुपालन व्यवसायमा जोखीम वहन गर्न सक्षम वनाउन वान्छनिय भएकोले हिलिहाङ गाउँपालिका ,गाउँकार्यपालिकाले स्थानिय सरकार संञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा ण(१२) मा उल्लिखित व्यवस्था कार्यान्वयन गर्न यो निर्देशिका वनाइ लागु गरिएको छ।

## परिच्छेद १

### १. संक्षिप्त नाम र प्रारम्भ

क)संक्षिप्त नाम : यस निर्देशिकाको नाम **अनुदानमा  पशु विमा निर्देशिका, २०७८** रहनेछ।

ख) यो निर्देशिका गाउँ कार्यपालिकाबाट स्विकृत भएको मितिबाट लागु हुनेछ।

### २. परिभाषा

क)अनुदानमा पशु विमा निर्देशिका,२०७८ भन्नाले हिलिहाङ गाउँपालिकाबाट कृषकलाइ पशुधन विमा  विमाङक प्रिमियम रकमको अधिकतम २०% रकमलाइ जनाउँदछ।

ख) कार्यपालिका भन्नाले हिलिहाङ गाउँपालिका गाउँकार्यपालिकालाइ सम्झनु पर्दछ।

ग) पशु विमा भन्नाले सरकारी मान्यता प्राप्त विमा कम्पनी वा सरकारी संस्था मार्फत गरिने पशुधन सुरक्षा ( लघु विमा) कार्यक्रम मार्फत गरिने विमा समेतलाइ जनाउनेछ।

## परिच्छेद २

### ३. शर्त तथा भुक्तानी विधि

**३.१ अनुदानमा पशु विमा सेवा संञ्चालन तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत कार्यक्रम संञ्चालन तथा भुक्तानी विधि :**

क) कुनै पनी कृषकको पशु (गाइ, गोरु, भैंसि, राँगा, बाख्रा, बोका, बंगुर , कुखुरा, माछा) मा विमा सेवा गराएको पशुको पहिचान खुल्ने पशु पहिचान पट्टा Tag Number सेवा प्राप्त कृषकको सम्पर्क नं, सेवा उपलब्ध गराएको मिति तथा आवश्यक विवरणहरु पुर्ण रुपमा उल्लेख गरि अनुसुची १ बमोजिम पेश गर्नु पर्नेछ।

ख) पशुपालक कृषक हिलिहाङ गाउँपालिका क्षेत्र भित्रको हुनुपर्नेछ।

ग) पशु विमा गरिएका पशु भएमा यो सेवा लिन पुन नविकरण गरेको हुनु पर्नेछ।

घ)सम्बन्धित सेवा केन्द्र तथा वडा कार्यालयको सिफारिसमा अनुदान वापतको रकम बिमा कम्पिनी वा सहकारी संस्थालाइ  भुक्तानी दिइनेछ।

ङ) विमा गर्दा लाग्ने विमाङक प्रिमियम रकमको अनुदान रकम सरकारी मान्यता प्राप्त विमा कम्पनी ,सरकारी संस्था वा सुचिकृत विमा अभिकर्तालाइ उपलब्ध गराइने छ।

च) पशु विमा मान्यता प्राप्त विमा कम्पनीबाट हुनु पर्नेछ। विमा अभिकर्ता तालिम लिइ यस कार्यालयमा विमा अभिकर्ता सुचिकृत भएको हुनु पर्नेछ । बिमा अभिकर्ताले उक्त कार्यमा सहजिकरण गर्न सक्नेछ। तर बिमा अभिकर्तालाइ कुनै किसिमको सुविधा उपलब्ध गराइनेछ।

छ) विमित पशुको कुनै कारण वस मृत्यु भएमा सो को जानकारी सम्बन्धित सेवा केन्द्रमा विमा अभिकर्ताले अनिवार्य रुपमा जानकारी गराउनु पर्नेछ।

ज) विमा अनुदान सेवा उपलब्ध बापतको रकम यस कार्यालयबाट उपलब्ध गराइनेछ।





अनुसुची ३
हिलिहाङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पञ्चमी,पाँचथर
पशु धनिको निवेदन

मिति...............

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यु
हिलिहाङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पञ्चमी,पाँचथर ।

विषय :पशु विमा कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,

मलाइ हिलिहाङ गाउँपालिकाबाट अनुदानमा विमा सेवा संञ्चालन सम्बन्धि कार्यक्रममा सहभागी हुन पाउँ ।

तपशिल

१. नागरिकताको प्रतिलिपी ।

२. पशुको विवरण : पशु.......जात.........  संख्या  ..........  उमेर  ....

निवेदकको नाम :
दस्तखत :
ठेगाना :
मोवाइल नं

आज्ञाले,
बिक्रम लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

अनुसुची २
हिलिहाङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पञ्चमी,पाँचथर
विमा अभिकर्ताको निवेदन

मिति...............

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यु

हिलिहाङ गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय,पञ्चमी,पाँचथर।

विषय : विमा अभिकर्ता सुचिकृत हुन पाउँ ।

महोदय,

मलाइ हिलिहाङ गाउँपालिकाबाट अनुदानमा विमा सेवा संञ्चालन सम्बन्धि अभिकर्ताको रुपमा कार्य गर्न इच्छा भएकोले तपशिल अनुसारको कागजात राखी यो निवेदन पेश गर्दछु ।

**तपशिल**

१.मान्यता प्राप्त विमा कम्पनीबाट विमा अभिकर्ता तालिम लिएको प्रमाणपत्रको प्रतिलिपी ।

२. नागरिकताको प्रतिलिपी ।

निवेदकको नाम :
दस्तखत :
ठेगाना :
मोवाइल नं



खण्ड ५)  पाँचथर, प्रदेश नं. १, नेपाल,  २०७८/०९/०७  (संख्या १

झ) विमा अभिकर्ताले सेवा उपलब्ध गराए बापतको रकम भुक्तानी लिंदा एउटै पशुमा एक पटक भन्दा बढि सेवा पुर्याए बापतको भुक्तानी गाउँपालिकाबाट गरिने छैन ।तर झुक्याइ भुक्तानी लिइएमा ,नक्कली कागजात बनाई भुक्तानीका लागी पेश गरेमा सम्बन्धित पशु विमा अभिकर्ता ,कम्पनी तथा सहकारी संस्था स्वयं जवाफदेही हुनेछ  र निज अभिकर्ता  भएमा निजले पुन कुनै पशुको विमा गरेमा भुक्तानी यस कार्यालयबाट उपलब्ध गराइने छैन साथै निजको सुचिकरण रद्ध गरि निजले पाउने भुक्तानी रोक्का राखी गाउँपालिकाको निर्णयअनुसार आवश्यक कार्वाही गरिनेछ ।

ञ) विमा अनुदानको विमाङक प्रिमियम रकम लिंदा सहकारी संस्था तथा कम्पनीले बिमा गरेको १५ दिन भित्रमा यस कार्यालयमा आवश्यक कागजात सहित जानकारी गराउनु पर्नेछ ।

ट) विमा रकम दाबी गर्न आउदा विमित पशुको संकेत पट्टा Tag Number  स्पस्ट देखिने फोटो सहित आउनु पर्नेछ ।

## परिच्छेद ३

**४. कार्यक्रमको खर्च**

क) हिलिहाङ गाउँपालिका भित्रका पशुमा अनुदानमा बिमा सेवा संञ्चालन कार्यको लागी आवश्यक आवश्यक सुचना प्रवाह बजेट व्यवस्था हिलिहाङ गाउँपालिकाले गर्नेछ ।

ख) कार्यक्रमको गाउँपालिकाको अधिकार प्राप्त अधिकारीबाट अनुगमन हुनेछ ।

ग) हिलिहाङ गाउँपालिका क्षेत्र भित्र रहेका कृषकका पशुहरू १ कृषक  बाट अधिकतम तोकिएका १–२० पशुलाइ विमा अनुदान दिन सकिनेछ ।

**५.थपघट वा हेरफेर गर्न सक्ने**

क) यो निर्देशिका कार्यान्यवयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँकार्यपालिकाले आवश्यकता अनुसार यस निर्देशिकामा केहि थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

ख) यो निर्देशिकाको कार्यान्यवयनमा कुनै बाधा अवरोध र अस्पस्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँकार्यपालिकाको कार्यालयले आवश्यकताअनुसार व्याख्या गर्न सक्नेछ ।





अनुसुची १

हिलिहाङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पञ्चमी,पाँचथर

विमा प्राविधिक/अभिकर्ता/सरकारी संस्था वा कम्पनीको नाम :

| क.स | पशु धनीको नाम | मिति | ठेगाना | फोन नं | पशुको जात | विमा संकेत नं | पशुको रङग | कृषकको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

................    .................    ...................

पेश गर्ने    रुजु गर्ने    प्रमाणित गर्ने